नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३२
इमेल : info@nepalbarassociation.org.np
neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np

मानव अधिकार तथा जनसरोकार समिति

२०८३ साउन २८ गते, बिहीबार, काठमाडौ ।

# प्रेस विज्ञप्ति

जनआस्था साप्ताहिकका प्रधान सम्पादक तथा सञ्चारकर्मी किशोर श्रेष्ठलाई समाचार लेखेकै आधारमा प्रहरीले पक्राउ गरेको घटनाका सम्बन्धमा नेबाए, मानव अधिकार तथा जनसरोकार समितिको ध्यानाकर्षण भएको छ । प्रकाशित समाचारको विषयमा कुनै गुनासो वा आपत्ति भएमा प्रचलित कानूनी प्रक्रियामार्फत समाधान खोजिने विश्वब्यापी मान्यतालाइ नेपालले धेरै पहिलादेखी नै प्रयोग गर्दै आएको कुरा स्मरण गराउँदछौ ।

समाचार लेखेकै आधारमा सञ्चारकर्मीलाई पक्राउ गरिनु, सञ्चार गृह बन्द गराउनु, परिवारका अन्य सदस्यहरुलाइ मानसिक यातना दिने कार्य यो आधुनिक समयमा पटक्कै सुहाउँदैन । नेपालको संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र स्वतन्त्र पत्रकारिताको अधिकार लोकतान्त्रिक व्यवस्थाका मुख्य गहनाका रुपमा रहेका छन भन्ने कुरा कहीँ कतैबाट बिर्सन हुँदैन भन्ने मान्यता यस समितिको रहेको छ ।

सञ्चारकर्मी तथा सञ्चारमाध्यम र प्रतिष्ठान समेतले प्रचलित कानूनको पालना गर्नुपर्ने विषयमा स्पष्ट हुँदा हुँदै पनि सरकारबाट बेला-बेलामा हुने यस्ता क्रियाकलापले हामीलाइ चिन्तित तुल्याइरहन्छ ।

सञ्चारकर्मी श्रेष्ठलाई तत्काल र निशर्त रिहाइ गरी त्रासदीपूर्ण वातावरणको अन्त्य गर्न माग गर्दछौ । हिरासतमै रहेको अवस्थामा निजका परिवार तथा कानून व्यवसायीहरुलाइ समेत भेट्न नदिएको भन्ने समाचार प्राप्त भएको हुँदा यस विषयमा समेत सरोकार दर्साइ निजलाइ संविधान प्रदत्त अधिकार प्रदान गर्नका लागि सम्बन्धित सुरक्षा निकायहरुको ध्यानाकर्षण समेत गराउँछौ ।

अन्त्यमा, नेपालको संविधानबाट नै पूर्ण ग्यारेन्टी गरीएको नागरिकको सुसूचित हुन पाउने हक अधिकारलाइ कहीँ कतै र कुनै पनि बहानाबाजीमा अंकुस नलगाउन सबै पक्षसमक्ष आग्रग गर्दछौ ।

नेपाल बार एशोसिएशन
Nepal Bar Association

अधिवक्ता किरण न्यौपाने
सदस्य सचिव

Rajendra

अधिवक्ता डा. राजेन्द्र घिमिरे
सह संयोजक